वर्ष १५ | अंक ४६ | नेपाल संवत् ११४० | २०७७ कात्तिक २३ गते आइतबार | 8 Nov. 2020 | पृष्ठ ४ | मूल्य रु. १०




एउटै पढे पुग्छ
# समाधान
samadhannews.com
राष्ट्रिय दैनिक




# २५ करोड खर्च कोरोना नियन्त्रण बाहिरै

अनुप आत्रेय
पोखरा, २२ कात्तिक

गण्डकी प्रदेश सरकारले गत १२ चैतमा १५ करोडको कोरोना कोष स्थापना गन्यो । पछि फेरि १५ करोड थपेर ३० करोड पुन्याइयो । विभिन्न कम्पनी, आमा समूह र व्यक्तिगत रुपमा आएको सहयोगले उक्त कोष ३४ करोडभन्दा बढीको भयो । प्रदेश सरकारले उक्त कोषबाटै कोरोना नियन्त्रणका लागि रकम निकासा दिँदै आएको छ । कोरोना रोकथाम तथा नियन्त्रणका लागि भन्दै प्रदेश सरकारले उक्त कोष स्थापना गरेको थियो । कोरोना नियन्त्रण हुन नसक्दै पनि उक्त कोषबाट २५ करोड रुपैयाँभन्दा बढी खर्च भइसकेको छ ।

जिल्ला अस्पतालमा आइसोलेसन बनाउन, अस्पतालबाहिर आइसोलेसन बनाउन, क्वारेन्टाइन निर्माण, स्वास्थ्य सामग्री खरिद, तालिम, संक्रमितलाई खाना/खाजा लगायत शीर्षकमा प्रदेश सरकारले २५ करोड २६ लाख २२ हजार ३ सय रुपैयाँ खर्च भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

कोषमा ३४ करोड ७० लाख ६१ हजार जम्मा भएकोमा ९ करोड ४४ लाख ३८ हजार रुपैयाँ बाँकी रहेको मन्त्रालयका सूचना अधिकारी सुशीला आचार्यले जानकारी दिइन् ।

कात्तिक महिना लागेसँगै गण्डकी प्रदेशमा दैनिक २ सयभन्दा बढी संक्रमित थपिएका छन् । पछिल्लो २२ दिनमामात्रै ३५ सय ८ जनामा पोजेटिभ देखिएको छ । पछिल्लो २२ दिनमा ५५ संक्रमितको ज्यान गएको छ । प्रदेश राजधानी पोखरा हटस्पट बनेको छ । प्रदेशमा दैनिक थपिनेमध्ये आधा संक्रमित पोखराकै छन् ।

५ महिना पहिला आईसियु स्थापनाका लागि १४ करोड बजेट पठाइए पनि अझै जिल्ला अस्पतालमा आइसियु सुविधा छैन । कोरोना संक्रमण डढेलो जसरी फैलिरहँदा २५ करोड खर्चको उपलब्धि न्यून देखिएको छ । कोषमार्फत पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई कोरोना नियन्त्रणको आन्तरिक तयारी गर्न ५० लाख रुपैयाँ दिइएको छ ।

प्रदेश स्वास्थ्य निर्देशनालयलाई कोभिड १९ रोकथाममा खटिएका जनशक्तिको होटलबासलाई ३६ लाख भुक्तानी दिइएको छ । तर ती कस्ता जनशक्ति हुन् भन्ने खुलाइएको छैन । प्रदेशभरका सबै जिल्ला अस्पतालका डाक्टर र नर्सलाई आइसियु व्यवस्थापन तालिम दिन ३ लाख ७८ हजार ५ सय रुपैयाँ उपलब्ध गराइएको छ । स्वाब राख्न ५ वटा फ्रिज किन्न ३ लाख ४० हजार प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई दिइएको मन्त्रालयले जनाएको छ । योसहित प्रदेश सरकारले विभिन्न ६० शीर्षकमा २५ करोड रुपैयाँ खर्च गरेको हो ।

**धमाधम बन्द हुँदै वडा कार्यालय**

जनप्रतिनिधि र कर्मचारीमा कोरोना संक्रमण देखिएपछि पोखरा महानगरपालिकाका वडा कार्यालय बन्द हुन थालेका छन् । महानगरका प्रवक्ता धनबहादुर नेपालीका अनुसार शनिबारसम्म पोखराका ५ वटा वडाले आफ्नो सेवा बन्दको घोषणा गरेका छन् । उनका अनुसार सेवा बन्द गर्नेमा वडा नम्बर १, २, १३, १७ र २५ छन् । वडा कार्यालयहरुले अर्को सूचना प्रकाशन नभएसम्म सेवा बन्द रहने जनाएका छन् ।

**थपिए २७८ संक्रमित, ३ मृत्यु**

गण्डकी प्रदेशमा शनिबार २ सय ७८ कोरोना संक्रमित थपिएका छन् । चितवन र पोखरामा गरिएको परीक्षणमा ८ जिल्लाका २ सय ७८ जनामा पोजेटिभ देखिएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

कोरोना पुष्टि हुनेमा सबैभन्दा धेरै कास्कीका १ सय ८६ जना छन् । यो कुल संक्रमित संख्याको ६६.९० प्रतिशत हो । गोरखाका ३१, तनहुँका २८, बागलुङ र लमजुङका १०/१०, नवलपुरका ६ र स्याङ्जाका ५ जना छन् । योसहित गण्डकीमा कोरोना संक्रमितको संख्या ९ हजार १७ पुगेको छ । तीमध्ये ४८ सय ५२ निको भएका छन् । शनिबार १७ जना निको भएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

संक्रमितमध्ये १ सय ३ जनाको मृत्यु भएको छ । शनिबार ३ संक्रमितको मृत्यु भएको प्रदेश स्वास्थ्य निर्देशक विनोदबिन्दु शर्माले जानकारी दिए । कास्की, नवलपुर र स्याङ्जाका १/१ संक्रमितको मृत्यु भएको उनले बताए । मृत्यु हुनेमा पोखरा महानगरपालिका १७ की २९ वर्षे युवती, स्याङ्जाको पुतलीबजार नगरपालिका ८ की ७३ वर्षे वृद्धा र नवलपुरको गैडाकोट नगरपालिका १२ का ८२ वर्षे वृद्धको मृत्यु भएको हो । पोखराकी युवतीको चरक मेमोरियल हस्पिटल, पुतलीबजारकी संक्रमितको फेवासिटी हस्पिटल र गैडाकोटका संक्रमितको चितवन मेडिकल कलेजमा ज्यान गएको निर्देशक शर्माले जानकारी दिए ।

गण्डकीमा कोरोनाबाट मृत्यु हुनेमा कास्कीका ४१, नवलपुरका १९, तनहुँका १४, गोरखाका ८, बागलुङका र स्याङ्जाका ८/८, म्याग्दीका २, पर्वत र लमजुङका १/१ जना छन् ।

## ‘प्रदेश सरकार हावा गफ दिन्छ’



आनन्दराज मुल्मी
सल्लाहकार, सुशासनका लागि नागरिक समाज

सरकारको प्रभावहीनको पछाडिको कारण सस्तो लोकप्रियता हो । जस्तो नारा दिए पनि जति प्रचार गरे पनि भनेजस्तो केही काम भएको छैन । लाखौं खर्च गरेर बनाइएका क्वारेन्टाइनको अहिले बेहाल छ । आधारभूत सुविधा नहुँदा कोही बस्न चाहँदैनन् ।

कोरोना परीक्षण गर्न कति गाह्रो छ भन्ने क्षेत्रीय अस्पतालको दृश्य हेरे पुग्छ । अस्पतालले आफू खुसी गन्यो भनेर मुख्यमन्त्रीले भन्नु र पर्सनल इगो देखाउनु प्रदेश सरकारको अकर्मण्यताको प्रतीक हो । आफू केही नगर्ने अनि अरुलाई दोष दिने । प्रदेश सरकारको सरुवा रोग अस्पतालको अवस्था हेरौं त, त्यहाँ कोही जाने चाहँदैन ।

हरेक काम गर्दा भविष्यमा के हुन्छ भन्ने सोच्नुपर्ने हुन्छ । योजनाबद्ध सोच हुनुपर्नेमा सरकारसँग त्यो भएन । प्रदेश सरकारले हामी गर्छौं नभनेको होइन । तर यहाँ चाहिनेभन्दा बढी खर्च गर्ने प्रवृत्ति देखा परेको छ । क्वारेन्टाइन बनाउन होस्, आइसोलेसन बनाउन होस्, पिसिआर किन्न होस् यी सबै कुरामा चाहियो भन्दैमा खर्च गर्ने प्रवृत्ति विकास भएको छ ।

अहिलेको अवस्था हेर्दा प्रदेश सरकारले गरेको खर्च उपयुक्त छ भन्ने आधार छैन । स्वास्थ्यकर्मीका आफ्नै पीडा छन् । स्वास्थ्यकर्मीलाई दिने भनेको जोखिम भत्तासमेत दिइएको छैन । प्रदेश र स्थानीय सरकारलाई पैसा जम्मा गर्न संघ सरकारले जस्तो मेहिनत गर्नुपरेको छैन । अनुदानका नाममा पैसा आएको छ । जुटाउन नपर्ने भएकाले आँखा चिम्लेर खर्च भएको पनि देखिन्छ ।

आम जनताले विश्वास गर्नै नसक्ने हावादारी कुरामा सरकार उडेको छ । ७ वटा प्रदेशमा हामी सेवासुविधामा अघि छौं भनेका छन् । तर कोरोनाको उपचारकै विषयमा सत्ताधारी सांसदले नै असन्तुष्टि देखाए । सामान्य नागरिकले कस्तो दुःख व्यहोर्नुपन्यो होला भन्ने स्टेटमेन्ट आइसक्यो । बाहिरका अरु पक्षले भन्दा विपक्षीले आलोचना गन्यो भनिन्छ । तर सरकारले आफ्नो कामको आत्मलोचना गर्नुपर्छ ।

जनतालाई दुःख पर्दा साथ दिएमात्रै सरकारको प्रभावकारिता हुन्छ । तर त्यो अवस्था छैन । सरकार जवाफदेही बन्न सकेन जसले गर्दा सरकारप्रति जनताको विश्वास कमजोर बन्दै गएको छ ।

# मुस्ताङ झरे डोल्पाली याक



एसके थकाली
जोमसोम, २२ कात्तिक

डोल्पाको उपल्लो भागबाट बिक्री गर्न याक तथा चौरीहरु मुस्ताङ झारिएका छन् । हिमाली तथा उच्च पहाडी क्षेत्रमा व्यावसायिक रुपमा पालिएका ती जनावरहरु बर्षेनि जोमसोममा बिक्रीका लागि झारिन्छ । डोल्पाका स्थानीय व्यवसायी निमा छेतेनले बर्षेनि हिउँदयाममा पशुपालक तथा व्यवसायीले बिक्रीका याक तथा चौरी ल्याउने गरेको जानकारी दिए ।

डोल्पाको उपल्लो भागमा याक, चौरीलाई माल सामान ढुवानीका लागि प्रयोग गरिन्छ । मुस्ताङमा याक तथा चौरीको रगत खाने मेला लाग्छ । डोल्पाको याक, चौरीहरु सुकुटी बनाउनको लागि किनमेल गरिन्छ ।

यस वर्ष कोरोना भाइरसका कारण तिब्बतबाट भेडा च्याङ्ग्रा मुस्ताङ आएनन् । स्थानीय भेडा च्याङ्ग्राको मूल्यसमेत महँगो पर्ने भएकाले जोमसोममा याक चौरी सजिलै बिक्री भएको उनले सुनाए । डोल्पाको माथिल्लो भागदेखि १ साताको पैदल हिँडाएर जोमसोम ल्याइएका याक तथा चौरीको मूल्य एउटाको १ लाखदेखि १ लाख १० हजार रुपैयाँसम्म छ । याक तथा चौरी जोमसोम ल्याएर बिक्री व्यवसाय गरेका निमाले दोस्रो लटमा ल्याएका सबै बिक्री भएको जानकारी दिए ।

मुस्ताङका स्थानीयले हिउँदयामका लागि तरकारी, दाल र अन्य परिकारमा मिसाएर खानका लागि भेडा च्याङ्ग्रा र याकको सुकुटी बनाउने परम्परा छ । हिउँदयाममा मुस्ताङमा तरकारीको अभाव हुने भएकाले मुस्ताङीले याक, भेडा, च्याङ्ग्राको मासु सुकुटी बनाएर राख्ने गर्छन् ।

ती जनावरको सुकुटी मासु कोसेलीको रुपमा देश विदेशका आफन्तलाई पुन्याउने प्रचलन छ । सुकुटी कतिपयले बिक्रीसमेत गर्छन् । जोमसोमका स्थानीय भूपेन्द्र शेरचनले मासुजन्य पदार्थ कोरोनाका कारण जिल्ला नभित्रिएकाले भेडा च्याङ्ग्रा र याकको माग बढेको बताए । हिमाली तथा उच्चलेकको चिसो हावापानीमा हुर्केका याक चौरीले वनका जडीबुटी सेवन गर्ने भएकाले तिनको मासु स्वादिलो र स्वास्थ्यवर्द्धक हुने शेरचनको कथन छ ।

### एउटा याक तथा चौरीको मूल्य १ लाख १० हजार रुपैयाँसम्म

चौरीबाट स्थानीय पशुपालकले दूध, दही, घ्यू र छुर्पी आदि तयार गर्छन् । मुस्ताङमा वर्षेनि वैशाख र साउन महिनामा याक चौरीको आलो रगत खाने मेला लाग्छ । कोरोना कहरका कारण यस वर्ष रगत खाने मेला स्थगित भयो । याक चौरीको आलो रगत खाएको खण्डमा दीर्घ रोग निको हुने विश्वास छ । बाहिरी जिल्लाबाट उल्लेख्य सर्वसाधारण चौरीको रगत खान मुस्ताङ आउँथे ।

डोल्पाका उपल्लो भागका पशुपालक किसानले याक, चौरीलाई भारी बोकाएर खाद्यान्न र मालसमान ढुवानीको काम गरेको पशुपालक किसान ग्याल्जेन गुरुङले बताए । हिउँदयामका लागि आवश्यक पर्ने खाद्यान्न ओसारपसार गर्न याक चौरीको प्रयोग गरिन्छ । उनले वर्षेनि वर्षायाममा तिब्बत र मुस्ताङ पुगेर खाद्यान्न ढुवानी गर्ने बताए ।

डोल्पाका उपल्लो भागमा अधिकांश स्थानीयले याक तथा चौरी पालन गर्छन् । केहीले खेतीपाती र यार्सा संकलन गरेर मनग्ये आम्दानी गर्छन् । मुस्ताङको थासाङ गाउँपालिकाको कोवाङ र टुकुचे र घरपझोङ गाउँपालिकाको जोमसोममा पनि स्थानीय पशुपालक किसानले याक चौरी पाल्छन् । हिमाली क्षेत्रको करिब ३ हजारभन्दा माथिको उचाइमा गोठ बनाएर खर्क सार्दै याक तथा चौरी पालन व्यवसाय गरिएको छ ।

# लेकसाइडमा निशुल्क व्यायामशाला

समाधान संवाददाता
पोखरा, २२ कात्तिक

उठेदेखि नसुत्ने बेलासम्म व्यस्त हुन्छ मान्छे । अचेल मान्छेको व्यस्तता शारीरिक भन्दा पनि मानसिक बढी हुन्छ । गेम नै खेल्न परे पनि मोबाइल, ल्यापटप र विद्युतीय सामग्रीको भर । दिमागलाई भारी तर शारीरिक परिश्रमक शून्यप्राय ।

शारीरिक व्यायामको कमीले बढ्दै गएको स्वास्थ्य समस्या कम गर्न नेपाली युथ फिटनेस एन्ड केलिस्थेनिक्स (एनवाइएफसी) र डिभी एजुकेसन नेटवर्कको संयुक्त पहलमा मुलुकका विभिन्न सहरमा फिटनेस पार्कको निर्माण अभियान थालिएको छ ।

यही अभियान अन्तर्गत पोखराको लेकसाइडस्थित डिहीकोपाटनमा व्यायामशाला तथा केलिस्थेनिक्स पार्क सञ्चालनमा आएको छ । गण्डकी प्रदेश सभा सदस्य राजीव पहारीले व्यायामशाला उद्घाटन गरेका हुन् ।

उद्घाटनपछि पहारीले नागरिकलाई स्वच्छ बनाउन यस्ता कार्यले धेरै सहयोग गर्ने बताए । कोभिडको संक्रमण बढिरहेको र व्यायामले मानिसलाई मानसिक र शारीरिक रुपमा बलियो बनाउने हुँदा यसको उपयोगिता अझ बढी रहेको बत( )बताए ।

डिभी एजुकेसन नेटवर्कका निर्देशक तरुणप्रताप शाहले प्रोजेक्ट टेम्पल अभियानले युवाहरुलाई स्वास्थ्यप्रति जागरुक बनाउने लक्ष्य राखेको बताए । युवालाई लागूऔषध र मादक पदार्थको कुलतबाट टाढै राख्ने र स्वस्थ्य जीवनशैली अवलम्बन गर्न प्रेरित गर्ने प्रतिबद्धता जनाए । टेम्पल प्रोजेक्ट अन्तर्गत निशुल्क प्रशिक्षण समेत दिइने उनले बताए ।

नेपालका विभिन्न सहरमा २० भन्दा बढी यस्ता पार्क बनाउने अभियान अन्तर्गत यो दोस्रो पार्क रहेको एनवाइएफसीका अध्यक्ष सुकदेव कार्कीले बताए । शुक्रबार काठमाडौंमा पहिलो व्यायामशाला उद्घाटन गरेको उनले जानकारी गराए ।

केही वर्षअगाडि मोटरसाइकल दुर्घटनामा आफ्नो हात र खुट्टा भाँचिएको र आत्मविश्वास समेत गुमेका बेला नियमित व्यायामको सहाराले पुनर्जीवन पाएको कार्कीले सुनाए ।

कार्यक्रममा पोखरा महानगरपालिका ६ का वडाध्यक्ष जगतबहादुर पहारी, तालबाराही मावि व्यवस्थापन समिति अध्यक्ष कृष्णप्रसाद न्यौपाने, बक्स जिमका सञ्चालक एवं पर्यटन व्यवसायी वैभव पौडेल, रानीपौवा जिमका सञ्चालक दीपक बास्तोला लगायत सहभागी थिए ।

नेपाल रेडक्रस सोसाइटी इकाइ सभापति हरिकृष्ण पहारी, खहरे आमा समूह अध्यक्ष मैया थापा, नमुना आमा समूह अध्यक्ष अम्बिका अधिकारी, जगदम्बा आमा समूह अध्यक्ष चन्द्रकला अधिकारी, बंगलादी आमा समूह अध्यक्ष विनीता अधिकारी कार्यक्रममा सहभागी थिए ।

एनवाइएफसीका प्रतिनिधि पूनम बोमजन, कांग्रेस युवा नेता किरण बराल, युवा संघ केन्द्रीय सदस्य महेन्द्र गुरुङ लगायतको सहभागितामा भएको कार्यक्रममा बारस्क्वाड पोखराका संस्थापक ललित गुरुङ, विवेक खड्काले साथ दिएका थिए ।



Agni Incorporated Pvt. Ltd.
Branch: Munalpath, Biratnagar 021-503457/79; Dhungrebas, Sindhuli 047-520772, 9802329889; Gandak, Birgunj 9801568000, 051-419535, 419258; Bhujai Gaun, Nepalgunj 081-550346, 550363; Birendranagar-11, Pipira, Surkhet 083-411104/49, 9802320871
Life Insurance Partner:
Authorized Dealers: Sakushal Trade Link Pvt. Ltd., Birtamod, Jhapa 023-540696, 541114, Phidim 024-521001, Phungling, Taplejung 024-460495, 9852681315, Golakhadka Bhanjyang-9, Ilam 027-521096, 9818199306; Manaram Motors Pvt. Ltd., Katlebhanjyang,Khadbari-9, Sankhuwasabha 029-575147, 9866261750; Rumjatar Automobiles, Siddhicharan-6, Okhaldhunga 037-5400013, 9849443008; Richa Motors Pvt. Ltd., Janakpurdham, Dhanusha 9801671300; Usha Enterprises Pvt. Ltd., Rajbiraj, Saptari 031-522666, 520665, Lahan, Siraha 033-562411, Katari, Udaypur 035-450399; Karki Multi Trading Concern, Charikot, Dolakha 9854043525, 9851190942; Suyansh Auto Enterprises Pvt. Ltd. Lalbandi-7,Sarlahi 046-501110, 9854035607; Sneha Moto Corp Pvt. Ltd., Chapur-4, Rautahat 055-540807, 055-540710, 9801305978; Kala Motors Pvt. Ltd., Bidur-4, Nuwakot 010-560036, 9851160083; Batas Brothers Pvt. Ltd., Pokhara 061-534707,9801935696, Baglung 9801935673, Beni 069-521099
Url: agnimahindra.com Email: marketing@agnigroup.com.np Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell) www.agnigroup.com.np twitter/AgniGroup instagram/AgniGroup facebook.com/MahindraAgniGroup

## सम्पादकीय

# छिटो गर आइसियुको व्यवस्था

कोरोना भाइरस रोग कोभिड १९ को महामारी सुरु भयो भनेर २०७६ चैतमै लकडाउन गरेर सरकारले मानिसहरुलाई घरघरमै बस्न भन्यो । भदौ ५ गतेसम्म लकडाउन भयो, कोभिड बिस्तारै फैलियो। जब लकडाउन खुकुलो भयो, यातायात खुल्यो, चाडपर्वहरु आए कोभिड पनि द्रुत गतिमा फैलिइरहेको छ । हजारभन्दा बढी मानिसले ज्यान गुमाइसके । गण्डकीमा मात्रै सयजनाको ज्यान कोभिड १९ ले लिइसकेको छ ।  यसबीचमा सरकारले अर्बौं रुपैयाँ खर्च गरिसकेको छ । तर अहिले आएर कोभिड १९ संक्रमितहरु घरमै बस्न बाध्य छन् । अस्पतालहरुले उपचार गर्न मानेका छैनन् । सरकारी अस्पतालका आइसोलेसन र आइसियु भरिभराउ भएका छन् । जति आइसोलेसनको तयारी गरियो त्यो अपर्याप्त भयो, आइसियु पुगेनन् । भेन्टिलेटर अभाव भइरहेको छ । खासमा यस्तो हुनुको पछाडि अरु केही होइन पर्याप्त तयारी नहुनु नै हो । जस्तो कि ११ वटै जिल्ला अस्पताललाई गण्डकी प्रदेश सरकारले ६ जेठमा १३ करोड ७८ लाख रुपैयाँ पठाएको थियो । तर अधिकांश अस्पताल अझै आइसियु र भेन्टिलेटर सेवाविहीन छन् । यो ती जिल्ला अस्पतालका जिम्मेवारी अधिकारीहरुको अकर्मण्यताको फल हो । यतिका समय त तालिमै दिएर पनि जनशक्ति तयार गर्न सकिन्थ्यो होला, पूरै दक्ष नभए पनि काम गर्न सक्ने क्षमताको त बनाउन सकिन्थ्यो । लकडाउन भएर सामान आएन भनिन्छ । तर अरु सबै सामान धमाधम आयात भइरहेको मुलुकमा भेन्टिलेटर आइसियुका सामान आयात भएन भन्नु जनतालाई मूर्ख ठान्नु हो, मूर्ख बनाउँछु भन्नु हो । अहिलेका जनता त्यति मूर्ख छैनन् ।

जिल्ला जिल्लामै आइसियु हुने हो भने त्यसको भार पोखराको पश्चिमाञ्चल क्षेत्रीय अस्पताललाई पर्दैनथ्यो । जिल्लामा आइसियु नभएकै कारण मानिसहरुको ज्यान जाँदैनथ्यो जस्तो कि स्याङ्जाको वालिङ नगरपालिकाका ७० वर्षे वृद्धमा ९ कात्तिकमा कोरोना पुष्टि भएपछि जिल्लमा आइसियु नभएकैले पोखरा ल्याइए र उनको ज्यान गयो । बेलामा जिल्लामै आइसियुमा राख्न सकेको भए उनी बाँच्न सक्थे होला । अझ कति त पोखरा ल्याउँदाल्याउँदै सास छोड्न बाध्य छन् । जिल्ला अस्पताल स्याङ्जालाई झन्डै २ करोड रुपैयाँ प्रदेश सरकारले ५ महिनाअघि नै दिएको थियो, तर त्यहाँका अधिकारीले माखो मारेनन्, मान्छे मर्ने अवस्था ल्याए । बहानामात्रै उनीहरु सुनाउँछन्, इच्छा भए ठाउँ भएन आइसियु बनाउने भन्ने जवाफ पक्कै दिँदैनथे । ठाउँको खोजी गर्ने हो भने स्थानीय सरकारले जुटाउँथ्यो, वा अरु कुनै उपाय निस्कन्थ्यो । मात्रै जिम्मेवारीबाट पन्छने र कारण देखाउने प्रवृत्ति देखिएको छ । स्याङ्जामात्रै होइन अरु जिल्ला अस्पतालले पनि आइसियु बनाएका छैनन्, भेन्टिलेटर ल्याएका छैनन् । आखिर काम उनीहरुले नगरे पनि दोषको भागिदार प्रदेश सरकार भएको छ । तसर्थ यसबारे ठोस कामका लागि ठोस प्रयत्न प्रदेश सरकार र मुख्यमन्त्रीले गर्न जरुरी छ । कर्मचारीले काम गरेनन् भनेर उम्कन्ने अवसर प्रदेश सरकार र मुख्यमन्त्रीलाई छैन । जनताले उत्तर र जवाफदेहिता त प्रदेश सरकारसँग खोज्छन्, जागिरे कर्मचारीसँग होइन ।

आज मुलुकमा आइसियु चलाउन एमडिजिपी डाक्टर, फिजिसियन, एनेस्थेसियोलोजिस्टको अभाव छ । किन कि सरकारी छात्रवृत्तिमा पढेका दक्ष जनशक्ति पनि धमाधम पलायन भएका छन् । यो अवस्था स्वास्थ्यमा गरिएको चरम निजीकरण र स्वास्थ्यलाई सरकारले गरेको अपहेलनाको परिणाम हो । स्वास्थ्य र शिक्षा जस्ता आधारभूत कुरामा राज्यले दायित्व लिनुपर्छ भन्ने समाजवादी भन्न रुचाउनेहरुले यस्तो अवस्था उल्ट्याउने प्रयत्न सत्तामा छँदा पनि गरेका छैनन् । यो अझै दुर्भाग्य र बिडम्बनापूर्ण अवस्था हो । लज्जाकै विषय हो । अब कुनै पनि बहानाले हुँदैन, जनता मर्न नदेऊ, छिटो आइसियु र भेन्टिलेटरको व्यवस्था गर, आइसोलेसन थप । जनतालाई राज्य छ र सरकार छ भन्ने आभास र अनुभूति देऊ ।

सेप्टी टंकी सफाई गर्नुपरेमा
सम्पर्क
9802815296
9802815293

## हार्दिक समवेदना



जन्म मिति:
वि.सं. १९८२/१०/१२ गते

स्वर्गारोहण मिति:
वि.सं. २०७७/०७/१२ गते

**स्व. लक्ष्मीमाया अधिकारी**

यस अर्गनाईजेसनका कर्मचारी श्री रामचन्द्र अधिकारीकी ममतामयी माता **लक्ष्मीमाया अधिकारी**को असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको निधन भएको यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनप्रति ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

**अटोवेज प्रा.लि. परिवार**
पोखरा-९, नयाँबजार

## हार्दिक समवेदना



जन्म मिति:
वि.सं. २०१४/०२/१० गते

स्वर्गारोहण मिति:
वि.सं. २०७७/०७/१७

**स्व. सूर्यबहादुर केसी** (सिताराम)

नेपालकै प्रतिष्ठित उद्योगपति, समाजसेवी, राजनीतिकर्मी एवं एक दूरदर्शी व्यक्तित्व **सूर्यबहादुर केसी (सिताराम)** को ६३ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत भएका छौं । यस दुःखद् घडीमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

ईश्वर गुरुङ
प्रबन्ध निर्देशक
**नमस्ते ब्याण्ड नेपाल एण्ड जापान परिवार**

अनिच्चावत् संखारा, उप्पादवय धम्मिनो ।
उपभित्वा निरूझझन्ति, तेस् उपसमो सुखो ।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म
२०२५ पुस २५ गते

स्वर्गारोहण
२०७७ कर्तिक १७ गते

## स्व.विकासरत्न शाक्य

पोखरा तेर्सापट्टि निवासी हाम्रो सम्धी **विकासरत्न शाक्य**को अल्पायुमै भएको स्वर्गारोहणले हामी अत्यन्त भावविव्हल, दुखी तथा स्तब्ध भएका छौं । आज उहाँको सातौं दिनको पुण्यतिथिमा उहाँको चिर शान्तिको कामना गर्दै सुखावती भुवनमा बास होस् भनी प्रार्थना गर्दछौं । यस दुखद घडीमा शोकसन्तप्त परिवारजनमा सबै संस्कार अनित्य हुन भन्ने बोध गरी धैर्यधारण गर्ने शक्ति मिलोस् भन्दै उहाँहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सुरेन्द्र बहादुर बज्राचार्य
पूर्णिमा शाक्य बज्राचार्य

डल्लु छाउनी ,काठमाडौं

## राष्ट्रिय संगीतकर्मी संघको आकस्मिक रक्तदान

पोखरा, २२ कात्तिक (समाधान)- कोरोना महामारीको समयमा अस्पतालका बेडमा उपचारत बिरामीहरुलाई रगतको कमी नहोस् भन्ने हेतुले संगीतकर्मी संघ कास्कीले शनिवार आकस्मिक रक्तदान कार्यक्रम गरेको छ। पोखरा महानगरपालिका वडा नं. ४ का वडा अध्यक्ष शंकर बास्तोलाले कार्यक्रमको उद्घाटन गर्दै रक्तदान कार्यक्रमको आयोजना गरेर संगीतकर्मी संघले अत्यन्तै राम्रो कार्य गरेमा धन्यवाद दिँदै अन्य कार्यक्रम गर्दा वडा पनि साथमा रहने प्रतिबद्धता व्यक्त गरेका थिए।

कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघको सदस्य मुना बास्तोला, राष्ट्रिय संगीतकर्मी संघ नेपालका केन्द्रीय सदस्यहरु राजकुमार हुमागाईं र सन्तोष अधिकारी, गण्डकी प्रदेशका महासचिव तथा जिल्ला सल्लाहकार कृष्णप्रसाद गौतम लगायतले कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गरेका थिए। वडाध्यक्ष शंकर बास्तोला, केन्द्रीय सदस्यहरु राजकुमार हुमागाईं र सन्तोष अधिकारी, कास्की जिल्ला सल्लाकार कृष्ण रानाभाट लगायतले रक्तदाताहरुलाई प्रमाणपत्र वितरण गरेका कार्यक्रम संयोजक प्रकाश सापकोटाले बताए।

नेपाल रेडक्रस सोसाइटी कास्की रक्तसंचार केन्द्रका स्वास्थ्य कर्मचारीहरु महेन्द्र केसी, समीक्षा अधिकारी र अस्मिता पौडेलले प्राविधिक सहयोग गरेका थिए। संघका अध्यक्ष ऋषिराम दाहालको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष कपिल श्रेष्ठले स्वागत र सचिव जीमाया हिताङले कार्यक्रम सञ्चालन गरेका थिए।

# महानगरले कृषिउपजको बजारीकरणको जिम्मा दिने



समाधान संवाददाता
पोखरा, २२ कात्तिक

पोखरा महानगरपालिका वडा नम्बर २२ लुकुमस्वारामा कृषि उपज संकलन तथा बिक्री केन्द्र स्थापना गरिएको छ।
कृषिका लागि पकेट क्षेत्र पुम्दीभुम्दीको लुकुमस्वारामा महानगरपालिकाको १० लाखको सहयोगमा केन्द्र स्थापना गरिएको हो। केन्द्र स्थापना भएपछि किसानले कृषिउपजहरु डोकामा बोकेर पोखराको बजार डुलाएर बिक्री गर्ने अवस्थाको अन्त्य भएको छ।
पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले शुक्रबार केन्द्रको उद्घाटन गर्दै किसानका उत्पादन संकलन गरेर बजारीकरणको जिम्मा महानगरले लिने बताए। 'कृषिउपज बजार पुर्‍याउन महानगरले गाडीको भाडा व्यवस्था गर्छ,' मेयर जिसीले भने, 'केन्द्रको व्यवस्थापनको जिम्मा किसान आफैंले गर्नुस। पहिलो चरणमा त्यसको ढुवानीको खर्चको व्यवस्था महानगरले गर्छ।' उनले यहाँ उत्पादीत तरकारी प्याकेजिङ गरेर ब्राण्डीङ गर्ने काममा सहयोग समेत गर्ने बताए। किसानले प्रतिफल पाउनु पर्ने र उपभोक्ताले पनि सस्तोमा तरकारी पाउने अवस्था सिर्जना गर्न महानगर तयार रहेको दावी गर्दै मेयर जिसीले किसानको खेतबारीका कृषि उत्पादन खेर जाने बाहिरको तरकारी आयात गर्ने अवस्थाको अन्त्य गर्न महानगरले पहल गर्ने धारणा राखे।
पोखरा महानगरपालिका वडा नम्बर २२का अध्यक्ष मित्रलाल बरालले वडामा उत्पादन भएका सामाग्रीले बजार र मुल्य दुवै पाउने बताए। पोखरा महानगर कृषि महाशाखा प्रमुख मनहर कडरियाले किसानले उत्पादन गर्ने वस्तु सोझै उपभोक्ताले खरिद गर्ने गरी महानगरले किसानबजार सञ्चालनमा ल्याएको जानकारी दिए। उनले केन्द्रमा किसानले ल्याउने वस्तुहरु कुहिन र बिग्रिन नदिन कोल्डस्टोरको समेत व्यवस्था गर्ने बताए। नेपाली कांग्रेसका नेता खेमराज पौडेलले संकलन गर्ने कुरा भन्दा बजारमा बिक्री गर्ने विषयमा ध्यान दिनुपर्ने सुझाव दिए। कृषि सञ्जाल पोखरा २२ का अध्यक्ष खेमराज बरालले किसानले उत्पादन गरेका सामाग्री बिक्री गर्ने केन्द्र स्थापनाले सहज हुने बताए। पोखरा कृषि उपज संकलन केन्द्र तथा बिक्री केन्द्र सञ्चालक समितिका अध्यक्ष अम्बिकामाया बराल, किसान कर्णबहादुर चिकलले बोलेका थिए।

---

अनिच्चावत् संखारा, उप्पादवय धम्मिनो।
उपज्जित्वा निरुज्झन्ति, तेसं उपसमो सुखो।

## भावपूर्ण श्रद्धाञ्जली



जन्म मितिः वि.सं. २०२५/०९/२५

स्वर्गारोहण मितिः वि.सं. २०७७/०७/१७

### दिवंगत विकासरत्न शाक्य

सद्धर्म सभा, धर्म संघ बुद्ध विहार पोखराका आजीवन सदस्य श्री कृष्णरत्न शाक्यज्यू तथा माता जगतकुमारी शाक्यका ज्येष्ठ सुपुत्र, अतिमिलनसार, कर्तव्यनिष्ठ, सद्धर्म सभाका भू.पू. कोषाध्यक्ष तथा वर्तमान कार्यसमितिका कार्यकारी सदस्य **विकासरत्न शाक्य**को ५२ वर्षको अल्पायुमा पोखराको चरक हस्पिटलमा उपचारको क्रममा दिवंगत भएको आज सातौं दिनको (चोल्याउने) पुण्यतिथिमा दिवंगत विकासरत्न शाक्यको सुगति तथा निर्वाणको कामना गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सक्ने क्षमता रहिरहन सकोस् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**भवतु सब्ब मंगलम**

**तेजेन्द्र शाक्य**
अध्यक्ष एवं
**सद्धर्म सभा धर्म संघ बुद्ध विहार परिवार**
पोखरा

---

"अवश्य जन्मने मर्छ, मर्नेको जन्म नित्य छ।
नभई नहुनेमाथि, तिम्रो शोक अयोग्य छ॥"

## हार्दिक श्रद्धाञ्जली



जन्म मितिः वि.सं. २०२५/०९/२५

स्वर्गारोहण मितिः वि.सं. २०७७/०७/१७

### स्व. विकासरत्न शाक्य

हाम्रा प्रातः स्मरणीय भिनाजु, समाजसेवी र खेलप्रेमी **विकासरत्न शाक्य**को ५२ वर्षको उमेरमा असामयिक दुखद निधन भएको आज सातौं दिनको पुण्यतिथिमा स्वर्गीय आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं।
साथै
यस दुखद घडीमा शोकाकुल परिवारजनमा पर्न गएको क्षतिप्रति धैर्यधारण गर्न सक्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

सञ्चालक सोभितमान बुद्धाचार्य/नीता बुद्धाचार्य
**होटल पञ्चरत्न प्रा.लि.**
पोखरा-६, लेकसाइड
**पञ्चरत्न आभूषण**
तेर्सापट्टि, पालिखेचोक-३

---

"अवश्य जन्मने मर्छ, मर्नेको जन्म नित्य छ।
नभई नहुनेमाथि, तिम्रो शोक अयोग्य छ॥"

## हार्दिक श्रद्धाञ्जली



जन्म मितिः वि.सं. २०२५/०९/२५

स्वर्गारोहण मितिः वि.सं. २०७७/०७/१७

### स्व. विकासरत्न शाक्य

हाम्रा आदरणीय सम्धी श्री कृष्णरत्न शाक्यज्यूको जेठा छोरा हाम्रा ज्वाइँ, भिनाजु, मामा, एक धार्मिक, सामाजिक, खेलप्रेमी व्यक्तित्व **विकासरत्न शाक्य**को उपचारको क्रममा अल्पायुमै भएको असामयिक दुखद निधनबाट हामीलाई अपुरणीय क्षति भएको छ।

उहाँको स्वर्गारोहण भएको आज सातौं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुखद घडीमा शोकाकुल परिवारजनमा पर्न गएको अपुरणीय क्षतिप्रति धैर्यधारण गर्न सक्ने शक्ति मिलोस् भनी भगवानसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्री पूर्णमान बुद्धाचार्य / श्रीमती पञ्चलक्ष्मी बुद्धाचार्य**

छोरी : सुश्री सरीता बुद्धाचार्य
छोरा : सोभितमान बुद्धाचार्य
बुहारी : नीता बुद्धाचार्य
नाति : सोनीत बुद्धाचार्य
नाति : प्रसुन बुद्धाचार्य
तेर्सापट्टि, पोखरा-३





**राहदानी हराएको सूचना**
मिति २०७७/०७/१८ गते काठमाडौंबाट पोखरा यात्रा गर्दा मेरो निम्न ब्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।
नाम: भीमसेन घिमिरे
ठेगाना: सल्यानटार-७, धादिङ
राहदानी नं.: ०७५२७४५८
सम्पर्क नं.: ९८४१०५९४४२

**तु-आवश्यकता**
रेष्टुरेन्ट एण्ड क्याफेको लागि
**कुक- १ जना**
(दक्ष, अनुभवी)
तलब: आकर्षक
सम्पर्कः
**9856076139, 9831002208**

**तु आवश्यकता**
१) कुक - १ जना (अनुभवी)
२) किचन हेल्पर - १ जना (अनुभवी)
३) क्यासियर+वेटर - १ जना (लेडिज/जेन्स)
४) वेटर+डेलिभरि- १ जना (जेन्स)
५) डिसवासर+क्लिनर- १ जना
सम्पर्क :
रेष्ट एण्ड टेष्ट (फास्टफुड)
चिप्लेढुंगा, पोखरा
९८५६०३१५२८

**तु आवश्यकता**
उद्योगको लागि निम्न कर्मचारी आवश्यक भएको र पारिश्रमिक आपसी समझदारीमा हुनेछ।
१) फर्निचरमा बेन्च मिस्त्री हेल्पर-२
२) फर्निचर बनाउने मिस्त्री- १
३) फर्निचर सुचर भाइजर मोटरसाइकल चलाउने लाइसेन्स भएको-१
**थापा काष्ठ उद्योग**
माछापुच्छ्रे बैंकलेने
पोखरा-९, बगर
९८५६०२२१६०, ९८४६०२११६०

**ब्यूटी पार्लर बिक्रीमा**
अत्यन्तै चालु अवस्थामा रहेको ब्यूटी पार्लर विशेष कारणवश तु बिक्रीमा। पहिला आउनेलाई विशेष प्राथमिकता दिइनेछ।
स्थान: पोखरा-१३, मिथापाटन
सम्पर्कः
**9846512426, 9826103022**

**घर तथा घडेरी आवश्यकता**
साविक पोखरा महानगरपालिका क्षेत्रभित्र स्तरिय घर तथा घडेरी आवश्यकता परेको हुँदा इच्छुक जग्गाधनीले सम्पर्क गर्नुहोला।
(दलालबाहेक घरधनी मात्र सम्पर्क गर्नुहोला)
सिधा सम्पर्कः
९८२४१-०६१९८
नोट: कृपया दलालले सम्पर्क नगर्नुहोला।

**Vacancy**
Well experienced, Professional, Smart & good personality staff required for a reputed restaurant.
1) Cashier com receptionist-1
2) Bakery Specialist-1
3) Waiter Captain -1
4) Chinese Cook (10 years Exp.)-1
5) Delivery Boy- 1
Salary: Attractive
**9846043005, 9812281290**
Email: lok_thapa5@yahoo.com

**आवश्यकता**
१. कुक, कुक हेल्पर, किचन हेल्पर - ३ जना
२. डिस वासर, क्लिनर- २ जना
३. घरमा काम गर्ने महिला- ३ जना
४. होटल सरसफाई महिला- २ जना
५. रिसेप्सनिष्ट- १ जना
५. सेल्समेन- १ जना
सम्पर्कः
**9806744525**

# ‘घरमै धारा आयो, अब होमस्टे चलाउँछु



लमजुङको मर्स्याङ्दी गाउँपालिका १ घनपोखरामा धारा उद्घाटन गर्दै मुख्यमन्त्री।

*तस्विर : समाधान*

**समाधान संवाददाता**
लमजुङ, २२ कात्तिक

‘काठमाडौंको मिनरल वाटरभन्दा चोखो र मिठो छ यो पानी,’ टुटी खोलेर धारा उद्घाटन गरेपछि मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले भने । बिहीबार उनी लमजुङको घनपोखरामा एक घर एक धारा उद्घाटन गर्दै थिए । प्रदेश सरकारकै खर्चमा मर्स्याङ्दी गाउँपालिकाको वडा नम्बर १ घनपोखराका घरघरै धारा जडान भएको हो । जसको उद्घाटन गर्न स्वयं मुख्यमन्त्री पुगेका थिए ।

घरमै धारा आएपछि २२ वर्षीया खासा गुरुङ औधी खुसी देखिइन् । लकडाउन नहुँदासम्म उनी पोखराको एउटा रेस्टुरेन्टको जागिरे थिइन् तर कोरोना भाइरसको महामारीले उनको जागिर गयो । गाउँमा आइन् । ‘घरमा धारा आयो अब पोखरा नजाने,’ उनले भनिन् । किन त ? भन्छिन्, ‘अब घरमै होमस्टे चलाउने सोचेकी छु ।’ उनकी बहिनी

> **स्थानीय युवा खासा गुरुङले भनिन्, ‘घरमा धारा आयो अब जागिर खान पोखरा नजाने, घरमै होमस्टे चलाउने सोचेकी छु**

पनि पोखरामा जागिर गर्थिन् । अब दुई बैनी मिलेर घरमै पाहुना राख्ने बन्दोबस्ती मिलाउने सुरसार गरिरहेका छन् ।

दसैंअघिसम्म पनि उनलाई पिरलो थियो, चाडबाडमा पानीको कसरी गर्ने ? गाउँटोलमा ३/४ वटा धारा त थिए । तर तिनको भर थिएन । पानी आउँदै नआउने । त्यसमाथि गाउँभरिकालाई जम्मा त्यति धारा । सधैं बिग्रने, पाइप थुन्किने र पानी नै नआउने हुन्थ्यो । उनी आफैं थुप्रैपटक गाउँभन्दा धेरै तलको कुवामा गएर पानी ल्याउँथिन् । अब उनमा आत्मविश्वास पलाएको छ, होमस्टे चलाउने । नजिककै घलेगाउँमा होमस्टे चलेको छ, गाउँकै एउटा अर्को घरमा पनि होमस्टे छ । होमस्टेका लागि प्रदेश सरकारले पनि सहयोग गर्छ भन्ने सुनेको उनमा अब गाउँमै बसेर स्वरोजगार बन्ने हुटहुटी छ ।

लमजुङ जिल्लाभरमै सबैभन्दा उचाइको गाउँ घनपोखरामा ६ किलोमिटर परको नेकोचे पाल्ला मुहानबाट पानी ल्याइएको छ । १ करोड ३० लाख रुपैयाँ खर्च भएको आयोजना उपभोक्ता समितिमार्फत पुरा भएको हो । समितिका अध्यक्ष जीतबहादुर गुरुङ गाउँलेले पनि श्रम गरेर पानी आयोजना पुरा गरेको बताउँछन् । गाउँमा १३० धारा जडान भएको उनले सुनाए ।

उपभोक्ता समितिका सचिव कमल गुरुङका अनुसार यसअघिका गाउँका धारामा गाउँभरलाई पुग्ने पानी नै आउँदैनथ्यो । भन्छन्, ‘सधैं लाग्यो कि बिग्रिहाल्थ्यो, पातपतिंगरले थुन्किन्थ्यो, पहिरोले पाइप बगाउँथ्यो, बनाउँदा बनाउँदै हैरान हुन्थ्यो ।’ अहिले भने व्यवस्थित तरिकाले पानी ल्याइएको उनले सुनाए । ‘मुहानमा इन्टेक व्यवस्थित छ, इन्टेकमा २ वटा च्याम्बर छ, एउटा संकलन ट्यांकी,’ उनले भने, ‘गाउँको माथि वितरण ट्यांकी बनाएका छौं ।’ घनपोखरा र नायु गाउँका सामुदायिक भवन र सार्वजनिक स्थलमा पनि खानेपानीका धारा जडान गरिएको उनले जानकारी दिए ।

मुख्यमन्त्री गुरुङका अनुसार प्रदेश सरकारले २०७८/७९ सम्म प्रदेशका सबै घरधुरीमा आधारभूत खानेपानी पुर्‍याउने लक्ष्य राखेको छ । उनले मुख्यमन्त्रीको पदभार सम्हालेर पहिलो बैठक बसेको दिन २०७४ फागुन ४ गते नै मन्त्रिपरिषद्बाट गरेका थुप्रै निर्णयमध्ये एक थियो, ‘प्रदेशका सबै घरधुरीमा आधारभूत खानेपानी पुर्‍याउने ।’ त्यही लक्ष्य अनुसार घनपोखरामा पनि खानेपानी आयोजनाका लागि बजेट परेको थियो ।

# खुर्बादी हुँडिकोट लिफ्टिङ खानेपानीमा दामोदर

**समाधान संवाददाता**
पोखरा, २२ कात्तिक



पोखरा, २२ कात्तिक
पोखरा महानगरपालिका वडा नं ३३ स्थित खुर्बादी हुँडिकोट लिफ्टिङ खानेपानी सरसफाई तथा सिँचाइ उपभोक्ता समितिको सातौं अधिवेशन तथा आठौं साधारणसभा शनिबार भएको छ । अधिवेशनले कृष्ण पौडेल (दामोदर) को अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्ष डोलराज पौडेल, सचिव सीता महत, कोषाध्यक्ष विकास महत र सदस्यहरू रविन पौडेल, रामचन्द्र पौडेल, मनबहादुर भुजेल, डम्बरबहादुर विश्वकर्मा र फूलमाया परियार छन् ।

कार्यसमिति चयनका लागि वासुदेव पौडेलको संयोजकत्वमा लोकबहादुर महत र कमलप्रसाद पौडेल सदस्य रहनुभएको निर्वाचन समिति गठन गरिएको थियो । नवनिर्वाचित पदाधिकारीलाई निर्वाचन समितिका संयोजक पौडेलले अबिरको टीका लगाएर बधाई तथा शुभकामना व्यक्त गरे ।

निवर्तमान समितिका अध्यक्ष चेतबहादुर महतले नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकामना व्यक्त गरे । नवनिर्वाचित अध्यक्ष कृष्ण पौडेल (दामोदर) ले सबैको साथ र सहयोगमा खानेपानी सेवालाई प्रभावकारी बनाउने विश्वास व्यक्त गरे ।

साधारणसभामा समितिका अध्यक्ष चेतबहादुर महतले खानेपानीको चरम समस्या भोगिरहेको अवस्थामा सबैको साथ र सहयोगमा लिफ्टिङ प्रविधिका माध्यमबाट खानेपानी सुविधा सञ्चालनमा ल्याइएको स्मरण गर्दै यसको दीर्घकालीन व्यवस्थापनमा सबैको साथ र सहयोगको आवश्यकता औंल्याए । २०६५ देखि सञ्चालनमा आएको खानेपानी योजनाबाट यहाँका १२७ घर परिवार प्रत्यक्ष लाभान्वित बनेको उनले बताए ।

समितिका सचिव सदनकुमार महतले खानेपानी योजनालाई प्रभावकारी व्यवस्थापनका लागि गरिएका प्रयासबारे जानकारी गराउँदै सबैको एकताबद्ध प्रयासबाट मात्रै हरेक सामाजिक कामले सफलता हासिल गर्ने उल्लेख गरे । साधारणसभाले सचिव महतद्वारा प्रस्तुत गरेको आर्थिक वर्ष २०७२/०७३ देखि २०७६/०७७ सम्मको आर्थिक प्रतिवेदनका साथै सचिवको प्रतिवेदन सर्वसम्मत पारित गरेको छ । कार्यक्रममा स्थानीय युवा रविन पौडेल, डम्बरबहादुर विश्वकर्मा, कमलप्रसाद पौडेल लगायतले खानेपानीको समुचित व्यवस्थापन लगायत विषयमा आआफ्ना सुझाव दिए । उक्त अवसरमा निवर्तमान समितिका सचिव सदनकुमार महतले नवनिर्वाचित सचिव सीता महतलाई बैठक पुस्तिका हस्तान्तरण गरे ।

# तनहुँमा पनि एलायन्स क्लब गठन

**समाधान संवाददाता**
दमौली, २२ कात्तिक



तनहुँको दमौलीमा शनिबार जमुना जोशी श्रेष्ठको अध्यक्षतामा एलायन्स क्लब अफ तनहुँ गठन गरिएको छ । कम खर्च, धेरै सेवा भन्ने भावना बोकेको यो अन्तर्राष्ट्रिय सामाजिक संस्था तनहुँमा पहिलोपटक गठन गरिएको हो ।

नवगठित क्लबको उपाध्यक्षमा शैलेश खाती क्षेत्री, सचिवमा सुदीप पौडेल, सहसचिवमा रोशन शर्मा, कोषाध्यक्षमा विनय राउत, सह कोषाध्यक्षमा सन्तोष श्रेष्ठ चयन भएका छन् ।

सदस्यहरूमा समुन्द्र पौडेल, सरिता श्रेष्ठ, महेश थापले, रमेश नेपाली, मुना न्यौपाने, मिलेन्द्रलाल श्रेष्ठ, विशाल कुमार, अनमोल प्रधान, सागर गिरी, अशोक श्रेष्ठ छन् ।

सेवा र सुरक्षाको नाराको साथ संगठित रुपमा परिचालित गराउँदै लाने उद्देश्यले स्थापना गरिएको सचिव पौडेलले बताए । विश्वका २२ भन्दा बढी देशमा क्लब विस्तार भएको र नेपालको ४० जिल्लामा गठन भइसकेको अध्यक्ष श्रेष्ठ बताइन् ।

# स्वरोजगार सहकारीको सेयर पुँजी १ करोड ८० लाख

**समाधान संवाददाता**
पोखरा, २२ कात्तिक

स्वरोजगार कृषि सहकारी संस्था लिमिटेड पोखरा १७ बिरौटाले सेयर पुँजी बढाएर १ करोड ८० लाख २८ हजार ३ सय रुपैयाँ पुर्‍याएको छ ।

सहकारीको गत आर्थिक वर्षको सेयर पुँजी १ करोड ५५ लाख २ हजार ९ सय रुपैयाँ थियो । सहकारीको शनिबार भएको छैटौं साधारणसभाको समापन कार्यक्रममा अध्यक्ष मनबहादुर भुजेलले सहकारीको यस आर्थिक वर्ष निक्षेप घटेको जानकारी दिए । गत वर्ष सहकारीको निक्षेप १ करोड ५३ लाख ७२ हजार १ सय ८१ रुपैयाँ रहेकोमा यस आर्थिक वर्षमा घटेर १ करोड ८ लाख ८७ हजार ७सय ८६ कायम भएको छ ।

सहकारीले यस आर्थिक वर्षमा २ करोड १५ लाख ५० हजार ८ सय २४ रुपैयाँ कर्जा लगानी गरेको छ । सहकारीले गत आर्थिक वर्षमा २ करोड १७ लाख ३४ हजार ३ सय ४१ रुपैयाँ कर्जा लगानी गरेको थियो । सहकारीले यस आर्थिक वर्षदेखि जगेडा कोषको व्यवस्था गरेको छ । सहकारीको खुद मुनाफा २ लाख १३ हजार ९ सय३ रुपैयाँमध्येबाट २५ प्रतिशत अर्थात ५३ हजार जगेडा कोषमा राखेको अध्यक्ष भुजेलले जानकारी दिए । मिल्दो जुल्दो प्रकृतिको सहकारीसँग मर्ज गर्ने नीति पारित गरेको जानकारी दिँदै उनले सहकारीले कृषि र पशुपालनको क्षेत्रमा लगानी बढाउने बताए ।

पोखरा महानगरपालिका सहकारी शाखाका प्रमुख तथा दर्ता अधिकारीले अनिल कार्कीले सभाको उद्घाटन गर्दै सहकारीले बचत तथा ऋणको काम नगरी व्यवसायीक योजना बनाएर उत्पादन क्षेत्रमा लगानी गर्न सुझाव दिए । ‘सहकारीले कुल पुँजीको ७० प्रतिशत उत्पादन क्षेत्रमा लगानी गर्नु पर्छ, ’उनले भने, ‘कृषि उद्योग गरेर शेयर सदस्यहरुलाई रोजगारी सिर्जना गर्नु जरुरी छ ।’ उनले महानगरले सहकारीको प्रारम्भिक अनुगमन गरेको उल्लेख गर्दै अनुगमनले सहकारी बलियो हुने दाबी गरे । कार्यक्रममा सहकारीका निवर्तमान प्रबन्ध निर्देशक गोबिन्द ताम्रकारलाई दोशल्ला ओढाएर सम्मान गरियो ।

सभामा सहकारीका संरक्षक ध्रुव केसी, वरिष्ठ सल्लाहकार शुक्रराज सुवेदी, उपाध्यक्ष प्रमिला श्रेष्ठ, सचिव सुबास सापकोटा, सञ्चालक समितिका सदस्य यादव गिरी लगायतले सहकारीको कार्य क्षेत्र पोखरा महानगरपालिकाको १० वडामा विस्तार भएको बताए ।

# कलाकार कल्याणकारी कोषका पदाधिकारीको सम्मान

**समाधान संवाददाता**
पोखरा, २२ कात्तिक



राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल गण्डकी प्रदेश समिति र प्रतिष्ठान जिल्ला कार्यसमिति कास्कीले नेपाल कलाकार कल्याणकारी कोषका नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई शनिबार सम्मान गरेको छ ।

कार्यक्रममा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका केन्द्रीय अध्यक्ष तथा कल्याणकारी कोषका सदस्य सचिव रमेश बिजी, कोषाध्यक्ष पुरुषोत्तम थापा, सदस्यहरु अम्बरविरही गुरुङ, दुर्गा रायमाझी, चन्द्र शर्मा, बद्री पंगेनी, इन्द्र जिसी, तेजबहादुर केसी, बद्री पराजुली र हरि न्यौपानेलाई बधाई ज्ञापन सहित सम्मान गरिएको प्रतिष्ठानका गण्डकी प्रदेशका अध्यक्ष सुरेन्द्र गुरुङले जानकारी दिए ।

प्रतिष्ठानले कलाकार कल्याणकारी कोषका अध्यक्ष प्रजापति पराजुली, उपाध्यक्ष पुरुषोत्तम न्यौपाने र केन्द्रीय सदस्य पार्वती जिसीलाई यसभन्दा अगाडी सम्मान गरी सकेको छ । कार्यक्रममा प्रतिष्ठान केन्द्रीय समितिका तृतिय उपाध्यक्ष दिपक खड्का, केन्द्रीय सदस्य पोएन सापकोटा, प्रतिष्ठान गण्डकी प्रदेशका सल्लाहकार तथा तमुधीं नेपालका सहसचिव मेनकाजी गुरुङलाई समेत सम्मान गरिएको थियो ।

कार्यक्रममा दोहोरी गीत प्रतिष्ठान नेपालका अध्यक्ष रमेश बिजी, प्रतिष्ठानका संस्थापक अध्यक्ष अम्बरविरही गुरुङ, प्रतिष्ठान गण्डकी प्रदेश अध्यक्ष सुरेन्द्र गुरुङ, प्रदेश महिला सचिव मञ्जु थिक, प्रतिष्ठान कास्कीका अध्यक्ष टेक क्षेत्रीले बोलेका थिए ।

**Pokhara Metropolitan City**
**Office of Municipal Executive**
Newroad, Pokhara

**INVITATION FOR BIDS**
IFB No: 4/PMC-Re/077-78
6/PMC/077-078
(Date of publication: 2077/07/23)

1. **Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad,** Pokhara invites **online bids for RE- SQ contracts and NCB Contracts** under e-procurement system from eligible bidders for the construction of *Projects mentioned below;*

| IFB No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period (days from the date of bid opening) |
|---|---|---|---|---|---|---|
| 4.8/PMC-Re/077-078 | 13/PMC-Re/SQ/W/077-78 | Construction of Wall at Baastari Pahiro, PMC-5,18 | 1,000 | 50,000.00 | 17,49,217.52 | 75 days |
| 4.9/PMC-Re/077-078 | 14/PMC-Re/SQ/W/077-78 | Maintainance of Sahari Sawasthe Prawardhan Kendra, PMC | 1,000 | 33,000.00 | 11,18,024.43 | 75 days |
| 6.1/PMC/077-078 | 17/PMC/NCB/W/077-078 | Upgrading of Archalbot ‘Kha’ Road, PMC-02 | 3,000 | 1,87,000.00 | 64,51,515.04 | 90 days |
| 6.2/PMC/077-078 | 18/PMC/NCB/W/077-078 | Upgrading of Laliguras Road, PMC-12 | 3,000 | 2,42,000.00 | 84,99,090.96 | 90 days |

2. **Purchase, Submission and Opening:**

| Contract No. | Pre-Bid Meeting | | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For SQ contract | | | 2020-11-22 | 17:00 | 2020-11-23 | 12:00 | 2020-11-23 | 13:00 |
| For NCB Contract | 2020-11-22 | 13:00 | 2020-12-08 | 17:00 | 2020-12-09 | 12:00 | 2020-12-09 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Pokhara Metropolitan City ,Office of Municipal Executive ,Newroad | 3020100301010002 | 3020100303000002 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (10th Amendment, 2076).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO’s website **http://bolpatra.gov.np/egp**, as specified in the Bidding data sheet for provision of E-Bidding. Bidders should deposit the equivalent fee for bidding document in the above Revenue Account within the date and time specified above. Bids submitted in hardcopy for NCB contract shall not be accepted.
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submitbids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

**Chief Administrative Officer**

समाधान मिडिया प्रालिका लागि अध्यक्ष : उमानाथ बराल, कार्यकारी सम्पादक : भरत कोइराला, सम्पादक : रामकृष्ण ज्ञवाली, कार्यालय: नयाँबजार, पोखरा, फोन : ०६१-५३८९७७, ९२६६६८, Email: Ad: samadhanpkr@gmail.com, News: samadhandainik@gmail.com